# आन्तरिक राजस्व विभाग

## आर्थिक अध्यादेश, २०७८ ले प्रदान गरेको कर छुट तथा सहुलियत सम्बन्धी विशेष व्यवस्था

| | |
|---|---|
| दफा २० | **प्रशासकीय पुनरावलोकन वा पुनरावेदनमा रहेका मुद्दा फिर्ता लिई कर तिरेमा शुल्क, थप दस्तुर तथा जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्थाः**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७७ साल असार मसान्तभित्र भएको कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारणउपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधीन रहेका वा विभागको निर्णयमा चित्त नबुझाई राजस्व न्यायाधिकरण वा अदालतमा पुनरावेदनमा गई विचाराधीन रहेका मुद्दामध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारण वा संशोधित कर निर्धारण बाहेकका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र आयकर बापतको कर वा अन्तःशुल्क रकम र यस उपदफाको सुविधा उपभोग गर्न निवेदन दिएको मितिसम्मको ब्याजको पचास प्रतिशत रकम संवत् २०७८ साल मङ्सिर मसान्तभित्र बुझाएमा सो मा लागेको शुल्क, थप दस्तुर, जरिबाना तथा बाँकी ब्याज मिन्हा हुनेछ। |
| दफा २१ | **बक्यौता मिन्हा सम्बन्धी विशेष व्यवस्थाः**<br><br>(१) अन्तःशुल्क ऐन, २०१५ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम, आयकर ऐन, २०३१ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकममध्ये अन्तःशुल्क वा कर रकमको पचहत्तर प्रतिशत रकम संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको जरिबाना, शुल्क, ब्याज र बाँकी अन्तःशुल्क वा कर मिन्हा हुनेछ।<br><br>(२) मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७६ साल असार मसान्तसम्म कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारण भई बक्यौता रहेको रकममध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर |

| | |
|---|---|
| | निर्धारणबाट कायम भएको बक्यौता बाहेक अन्य बक्यौताको हकमा कर वा अन्तःशुल्क रकम र यस उपदफाको सुविधा उपभोग गर्न निवेदन दिएको मितिसम्मको ब्याज संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर र जरिबाना मिन्हा हुनेछ।<br><br>(३) गैर नाफामूलक सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था तथा विद्युतीय सञ्जालमा आधारित सवारी सेवा उपलब्ध गराउने सञ्चालकलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ र आयकर ऐन, २०५८ बमोजिम आन्तरिक राजस्व कार्यालयबाट संवत् २०७८ साल जेठ १५ गतेभन्दा अघि कर निर्धारण वा संशोधित कर निर्धारण भई न्यायिक प्रक्रियामा नरहेका त्यस्ता करदाताले संवत् २०७८ साल पुस मसान्तभित्र बक्यौता मिन्हाको लागि निवेदन दिएमा त्यस्तो बक्यौता मिन्हा हुनेछ। |
| **दफा २२** | **उत्पत्तिको प्रमाणपत्र जारी गरे बापतको कर, थप दस्तुर, ब्याज र जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्थाः**<br><br>निकासी प्रयोजनको लागि उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकाय वा संस्थाले संवत् २०७८ साल जेठ १४ गतेसम्म त्यस्तो प्रमाणपत्र जारी गरे बापत बुझाउन बाँकी मूल्य अभिवृद्धि कर वा सो मितिसम्म आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिबाना मिन्हा हुनेछ। |
| **दफा २३** | **ट्रेकिङ्ग तथा टुर प्याकेजमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्थाः**<br><br>(१) ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको कारोबार गर्ने व्यक्तिले विगतमा ट्रेकिङ्ग तथा टुर प्याकेजमा मूल्य अभिवृद्धि कर लाग्ने कारोबारलाई कर छुटको बिक्री अन्तर्गत देखाई मूल्य अभिवृद्धि कर संकलन र दाखिल नगरेकोमा संवत् २०७८ साल जेठ १४ गतेसम्मको कारोबारको स्वयं घोषणा गरी त्यस्तो कारोबारमा लाग्ने मूल्य अभिवृद्धि कर संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुनेछ।<br><br>(२) उपदफा (१) बमोजिम कर छुटको बिक्री अन्तर्गतको कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई तिर्न बाँकी रहेको बक्यौता करमध्ये निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुनेछ।<br><br>(३) उपदफा (२) बमोजिम भएको कर निर्धारण उपर प्रशासकीय पुनरावलोकनको लागि |

| | |
|---|---|
| | आन्तरिक राजस्व विभाग वा राजस्व न्यायाधिकरणमा निवेदन दिई मुद्दा विचाराधीन रहेको व्यक्तिले त्यस्तो मुद्दा फिर्ता लिई निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुनेछ। |
| **दफा २४** | **स्वास्थ्य सेवा प्रदायक संस्थालाई थप दस्तुर र ब्याज मिन्हा सम्बन्धी विशेष व्यवस्थाः**<br><br>स्वास्थ्य सेवा प्रदायक संस्थाले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर बिक्रीमा संकलन गरेको मूल्य अभिवृद्धि करमा मिलान हुन नसकेको बाँकी रकम स्वास्थ्य सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज भई कर विवरणमा डेबिट समायोजन गर्दा तिर्न बुझाउन बाँकी रहेको रकममध्ये त्यसरी समायोजन गरेको कर रकम संवत् २०७९ साल असार मसान्तभित्र बुझाएमा सोमा लागेको थप दस्तुर र ब्याज मिन्हा हुनेछ। |
| **दफा २५** | **ढुवानी साधनको भाडा बापतको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्थाः**<br><br>ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनको लागि आर्थिक वर्ष २०७६/७७ मा स्थायी लेखा नम्बर नभएका प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई त्यस्तो भाडा बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा सो ऐनको दफा २१ को उपदफा (१) को खण्ड (घ२) बमोजिमको बीजक नभए पनि त्यसरी भुक्तानी गरिएको भाडा बापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ। |
| **दफा २६** | **अन्तःशुल्क इजाजतपत्र नवीकरण सम्बन्धी विशेष व्यवस्थाः**<br><br>(१) अन्तःशुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिई तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराई कारोबारलाई निरन्तरता दिन चाहेमा संवत् २०७८ साल साउन मसान्तभित्र प्रत्येक वर्षको लागि नवीकरण बापत लाग्ने दस्तुर बुझाई नवीकरण गरेमा लाग्ने जरिबाना मिन्हा हुनेछ।<br><br>(२) उपदफा (१) मा तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुनेछ। |
| **दफा २७** | **जिएसएम मोवाइल सेवा इजाजतपत्रको दोस्रो नवीकरण दस्तुरको खर्च कट्टी तथा आय लेखाङ्कन सम्बन्धी विशेष व्यवस्थाः** |

| | |
|---|---|
| | (१) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/१० को निर्णय अनुसार नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको जिएसएम मोवाइल सेवा इजाजतपत्रको दोस्रो नवीकरण बापत आर्थिक वर्ष २०७०/७१ देखि आर्थिक वर्ष २०७५/७६ सम्मको बुझाउनु पर्ने दस्तुर आर्थिक वर्ष २०७५/७६ देखि पाँच किस्तामा भुक्तानी गर्ने सुविधा प्रदान भए बमोजिम प्रत्येक वर्ष भुक्तानी गर्नु पर्ने किस्ता बापतको रकम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले भुक्तानी गरेको आय वर्षमा आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ।<br>(२) उपदफा (१) बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले किस्ताबन्दी रुपमा भुक्तानी गरेको नवीकरण दस्तुर बापतको रकम नेपाल दूरसञ्चार प्राधिकरणले त्यसरी भुक्तानी प्राप्त भएको आय वर्षमा आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय गणना गर्दा आयमा समावेश गरी कर दायित्व भुक्तानी गर्नु पर्नेछ। |
| **दफा २८** | **कोभिड-१९ को सङ्क्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्थाः**<br>(१) बीस लाख रुपैयाँसम्मको कारोबार वा दुई लाखसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा नब्बे प्रतिशत छुट हुनेछ।<br>(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट हुनेछ।<br>(३) एक करोड रुपैयाँसम्मको व्यावसायिक कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पचास प्रतिशतले छुट हुनेछ।<br>(४) होटल, ट्राभल, ट्रेकिङ्ग, चलचित्र व्यवसाय (निर्माण, वितरण तथा प्रदर्शन), पार्टी प्यालेस, सञ्चार गृह (मिडिया हाउस), यातायात वा हवाई सेवाको एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिमको करयोग्य आयमा एक प्रतिशत मात्र कर लाग्नेछ।<br>(५) उपदफा (४) बमोजिमको व्यवसायमा आय वर्ष २०७६/७७ र २०७७/७८ मा नोक्सानी भएको रहेछ भने आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) बमोजिम त्यस्तो नोक्सानी कट्टी गर्न पाउने अवधिमा तीन वर्ष थप हुनेछ। |
| **दफा २९** | **कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको खर्च सम्बन्धी विशेष** |

| | |
|---|---|
| | **व्यवस्थाः**<br><br>कुनै व्यक्तिले आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले स्थापना गरेको कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ। |
| **दफा ३०** | **कोभिड-१९ बाट सङ्क्रमित बिरामीको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्रीमा कर छुट सम्बन्धी विशेष व्यवस्थाः**<br><br>कोभिड-१९ बाट सङ्क्रमित बिरामीको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने भन्सार उपशीर्षक २८०४.४०.१० मा पर्ने मेडिकल ग्रेड अक्सिजन (लिक्विड एण्ड ग्यास्यिस अक्सिजन), उपशीर्षक ९०१९.२०.९० मा पर्ने हेल्मेटस् फर नन्-इनभेसिभ भेन्टिलेटर्स, उपशीर्षक ७३११.००.१० मा पर्ने अक्सिजन सिलिन्डर, लिक्विड अक्सिजन कन्टेनर, लिक्विड अक्सिजन ट्याङ्क, अक्सिजन क्यानिस्टर, आई एस ओ कन्टेनर्स् फर सिपिङ्ग अक्सिजन र क्रोजेनिक रोड ट्रान्सपोर्ट ट्याङ्क फर अक्सिजन, उपशीर्षक ८४२१.३९.१० मा पर्ने भ्याक्युम प्रेसर स्विङ्ग एडजोर्प्सन (भि.पि.एस.ए.), प्रेसर स्विङ्ग एडजोर्प्सन (पि.एस.ए.) अक्सिजन प्लान्ट्स्, र क्रोजेनिक अक्सिजन एयर सेपेरेसन युनिट्स (ए.एस.यु.), उपशीर्षक ८४८१.८०.२० मा पर्ने अक्सिजन सिलिन्डर भल्भ, उपशीर्षक ९०१८.३१.०० मा पर्ने सिरिन्ज पम्प, इन्फ्युजन पम्प, उपशीर्षक ९०१८.३९.०० मा पर्ने हाइ फ्लो नेसल क्यानुला, र उपशीर्षक ९०१८.१९.२० मा पर्ने आइ.सि.यु मनिटर, उपशीर्षक ९०१९.२०.१० मा पर्ने अक्सिजन कन्सन्ट्रेटर; उपशीर्षक ९०१९.२०.२० मा पर्ने भेन्ट्युरी मास्क, रिजर्भ्वायर मास्क, भेन्टिलेटर मास्क र नन् इन्भेसिभ भेन्टिलेटर मास्क; उपशीर्षक ९०१९.२०.९० मा पर्ने भेन्टिलेटर सर्किट, अक्सिजन कनेक्टर्स एण्ड ट्युबिङ्ग, ह्युमिडिफायर्स् एण्ड भाइरल फिल्टर्स् फर भेन्टिलेटर्स, ओरो-नेसल मास्क एण्ड नेसल मास्क फर नन् इन्भेसिभ भेन्टिलेटर्स; उपशीर्षक ८४२२.३०.०० मा पर्ने अक्सिजन फिलिङ्ग सिस्टम; उपशीर्षक ८४०५.१०.०० मा पर्ने अक्सिजन जेनेरेटर कम्प्रेसर, ट्युबिङ्ग, उपशीर्षक ९०२६.८०.१० मा पर्ने अक्सिजन फ्लोमिटर र अक्सिजन रेगुलेटर्स, र उपशीर्षक ९४०२.९०.१० मा पर्ने आइ.सि.यु.बेड, उपशीर्षक ९०२७.८०.१० मा पर्ने ब्लड ग्याँस एनालाइजर र ३००४.९०.९० मा पर्ने रेम्डेसिभिरको पैठारी, उत्पादन र बिक्री वितरणमा लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर संवत् २०७८ साल पुस मसान्तसम्म छुट हुनेछ। |
| **दफा ३१** | **व्यावसायिक सामाजिक जिम्मेवारी बापतको रकम स्वास्थ्य क्षेत्रमा खर्च गरेमा खर्च कट्टी सम्बन्धी** |

| | |
|---|---|
| | **विशेष व्यवस्थाः**<br><br>आर्थिक वर्ष २०७७/७८ मा व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि छुट्याइएको रकममध्ये नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको विशिष्टीकृत अस्पताल निर्माण तथा कोभिड- १९ को उपचारसँग सम्बन्धित स्वास्थ्य उपकरण तथा सामग्रीमा भएको खर्च आयकर प्रयोजनका लागि कट्टी गर्न पाउनेछ। |
| दफा ३२ | **सामाजिक सुरक्षा कोषमा योगदान बापतको रकम हस्तान्तरण सम्बन्धी विशेष व्यवस्थाः**_योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा सहभागी भएको वा हुन चाहने कुनै योगदानकर्ताले स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम संवत् २०७८ साल चैत मसान्तभित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा त्यसरी हस्तान्तरण गरिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अवकाश भुक्तानी बापत कर कट्टी गर्नु पर्ने छैन। |
| दफा ३३ | **प्राइभेट फर्म तथा कम्पनी नवीकरण शुल्क मिन्हा सम्बन्धी विशेष व्यवस्थाः**<br>प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका आर्थिक वर्ष २०७५/७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका फर्म तथा कम्पनीले संवत् २०७८ साल असोज मसान्तभित्र विवरण र जरिबाना तथा शुल्कको दश प्रतिशत रकम बुझाएमा बाँकी जरिबाना तथा शुल्क मिन्हा हुनेछ। |

***नोटः- उक्त कर छुट तथा सहुलियतको व्यवस्था आर्थिक अध्यादेश जारी भएको मिति २०७८/२/१५ गते देखि लागू हुने छ।***